प्रतिदिन १७औं वार्षिकोत्सव

राष्ट्रिय दैनिक
# प्रतिदिन
PRATIDIN NATIONAL DAILY

प्रतिदिन
हर प्रहर ताजा खबर!
www.pratidindaily.com
विज्ञापनको लागि सम्पर्क:
९८०१४५८१८१,९८४२६३४४२६,९८५२६७५३४४ ०२३-५४३८२०

वर्ष-१७ ।। अङ्क : २४८ ॥ २०८२ कातिक २२ गते शनिबार (8th Nov 2025 Saturday) Pratidin National Daily मूल्य-रु.५/-

# इप्रका बिर्तामोडमा आक्रमण गर्ने चारजना पक्राउ

झापा(प्रस) । जेनजी आन्दोलनका क्रममा इलाका प्रहरी कार्यालय बिर्तामोडमा आक्रमण गर्ने चारजना पक्राउ परेका छन् । प्रहरी कार्यालयमा ढुंगामुढा गर्ने , आगजनी गर्ने , प्रहरीलाई कुट्ने चारजनालाई पक्राउ गरिएको हो । शुक्रवार दिउँसो २ बजे बिर्तामोड ५ त्रिवेणी चोकबाट अर्जुनधारा ६ बस्ने २२ वर्षीय पदम राई र उनकी श्रीमती २४ वर्षीया पुजा मगरलाई प्रहरीले पक्राउ गरेको हो । भदौ २४ गतेको जेनजी आन्दोलनको क्रममा इप्रका बिर्तामोडको कार्यालय तोडफोड तथा आगजनीमा संलग्न ती दम्पतीलाई नियन्त्रणमा लिई थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालयले जनाएको छ ।

त्यस्तै प्रहरीलाई कुटपिट गर्ने अर्का एकजना पक्राउ परेका छन् । पक्राउ पर्नेमा बिर्तामोड वडा न.५ बस्ने वर्ष २६ का नवराज राई रहेका छन् । उनलाई कात्तिक



२० गते साँझ ६ बजे खोजतलासको क्रममा भक्तपुर प्रहरी परिसरबाट खटिएको प्रहरी टोलीले भक्तपुर एरियाबाट पक्राउ गर्न सफल भएको हो । भदौ २४ गते जेनजी आन्दोलनको क्रममा इप्रका बिर्तामोडमा आक्रमण गरि राईले झापामा कार्यरत प्रहरी हवल्दार बिजय खड्कालाई कुटपिट गरी गम्भीर घाइते बनाइ फरार भएका थिए । राईलाई आवश्यक अनुसन्धानको लागि शुक्रवार इप्रका बिर्तामोडमा ल्याई ज्यान मार्ने उद्योग कसुरमा दर्ता गरी जिल्ला अदालत झापाबाट ७ दिन म्याद थप गरी अनुसन्धान भइरहेको छ ।

अहिलेसम्म चारजनालाई पक्राउ गरिएको र अन्यको पहिचान गर्ने कार्य भइरहेको जनाइएको छ । इलाका प्रहरी कार्यालय बिर्तामोडमा आक्रमण गर्नेहरुको भिडियो र फोटोको आधारमा पहिचान गर्ने कार्य भइरहेको प्रहरी स्रोतले जनाएको छ । जेनजी आन्दोलनका क्रममा सार्वजनिक तथा निजी सम्पत्तिमाथि तोडफोड र आगजनी गर्नेहरुमाथि दुईसयभन्दा बढी उजुरी परेको छ । ती उजुरीमाथि अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

# बृहत् मोर्चाबन्दी गर्ने चन्द, शर्मा र भुसालको संकल्प

झापा(प्रस) । कम्युनिस्ट पार्टीका महासचिव नेत्रविक्रम चन्द, प्रगतिशील अभियानका नेता र मोओवादीका पूर्व उपमहासचिव जनार्दन शर्मा तथा नेकपा एकीकृत समाजवादीका पूर्व महासचिव घनश्याम भुसालले वामपन्थीसहित बृहत् मोर्चाबन्दी गर्ने संकल्प गरेका छन्।

तीन नेताले शुक्रबार छलफलपछि जारी गरेको संयुक्त वक्तव्यमा पुराना राजनीतिक दलहरू र तिनका नेताबाट नयाँ गन्तव्यमा पुग्न नसकिने भन्दै बृहत् मोर्चाबन्दी गर्ने सहमति गरेका हुन्।

'मुलुकका पुराना राजनीतिक दलहरू, खासगरी तिनका नेताहरू पुरानै संरचना र तरिका जोडजाड गरेर सङ्कट ढाकछोप गर्न र आफ्नो वर्चश्व बचाउन चाहन्छन्। त्यसले मुलुकलाई अझ अन्योल, अस्थिरता र सङ्कटतर्फ धकेल्ने कुरा निश्चित छ। पुरानै बाटो हिँडेर नयाँ गन्तव्यमा पुगिँदैन भन्ने कुरा स्वतः स्पष्ट छ,' चन्द, शर्मा र भुसालको साझा निष्कर्ष छ।

उनीहरूले यसका लागि आफूहरू एकताबद्ध भएर अगाडि बढ्न समेत संकल्पबद्ध भएको जनाएका छन्। 'हामी त्यस्तो ऐतिहासिक पहलकदमीका लागि सहकार्य गर्दै, एकताबद्ध भएर अगाडि बढ्न सङ्कल्पबद्ध भएका छौं। सबै प्रतिबद्ध कम्युनिस्ट, समाजवादी, प्रगतिशील तथा देशभक्तहरूसँग सार्थक संवाद, छलफल र सहकार्यका लागि आह्वान गर्दछौं।'

उनीहरूले मुलुकको निराशा चिर्न पनि बृहत्



मोर्चा आवश्यक भएको बताएका छन्। 'राष्ट्रिय निराशा र गतिरोधलाई चिर्दै प्रगतिशील तथा लोकतान्त्रिक दिशामा आम जनतालाई गोलबन्द गर्दै अगाडि बढ्नु आजको ज्वलन्त कार्यभार बनेको छ,' तीन नेताको भनाइ छ।

'राष्ट्रमाथि चौतर्फी सङ्कट आएको यस परि स्थितिमा सबै प्रतिबद्ध कम्युनिस्ट, समाजवादी, प्रगतिशील तथा देशभक्तहरूले बृहत् मोर्चाबन्दीका लागि पहलकदमी लिनु आवश्यक छ।' प्रतिबद्ध कम्युनिस्ट, समाजवादी, प्रगतिशील तथा देशभक्तहरूले बृहत् मोर्चाबन्दीका लागि पहलकदमी लिनु आवश्यक रहेको उनीहरूको भनाइ छ।

उनीहरूले आलोपालो सत्तामा रहेका दलहरूका कारण जेन-जी विद्रोह भएको भन्दै पछिल्लो घटनाक्रमले मुलुकलाई अन्यौलग्रस्त दिशामा अघि बढाएको बताएका छन्।

'सत्तासीन नेताहरू गैरजिम्मेवार बन्दै र राजनीतिक दलहरूले खेल्नु पर्ने भूमिका कमजोर हुँदै गएका थिए। यसले गर्दा राज्य, राजनीति, राजनीतिक दल र तिनका नेताहरू जनताबाट टाढा भए। दलहरूमा सुधारका प्रयास असफल हुँदै गएका थिए,' उनीहरू भन्छन्।

उनीहरूको अनुसार, जसले गर्दा ती दलहरूले गत भदौ २३ गतेको जेन् जी आन्दोलन र २४ गते भएको विध्वंसलाई थेग्न सकेनन्। 'लोकतान्त्रिक मूल्य मान्यताहरू एकसाथ खतरामा परेका छन्। विकसित राजनीतिक घटनाक्रमले मुलुकलाई झन् अन्योलग्रस्त बनाएको छ। राष्ट्रियता, लोकतन्त्र र जनताका हक अधिकार एकसाथ खतरामा परेका छन्। राष्ट्रिय जीवन असुरक्षित हुँदै गएको छ,' चन्द, शर्मा र भुसालले बताएका छन्।

# झापामा मोटरसाइकलको ठक्करबाट दुईजनाको मृत्यु

झापा(प्रस) । झापामा मोटरसाइकलको ठक्करबाट घाइते भएका दुईजनाको मृत्यु भएको छ । करिव पाँच महिनाअघि गत जेठ २५ गते राति ९:४५ बजे मेचीनगर -७ स्कुलडाँगीस्थित भित्री सडकखण्डमा मदन बस्तीबाट इटाभट्टातर्फ आउँदै गरेका साइकल यात्रीलाई सोही दिशातर्फ आउँदै गरेको मे.७ प.५००६ नं.को मोटरसाइकलले पछाडीबाट ठक्कर दिँदा साइकल यात्री सोही ठाउँ बस्ने बर्ष ६० का क्षितिज राजवंशी घाइते भएका थिए । घाइतेलाई उपचारको लागि बीएण्डसी अस्पताल बिर्तामोडमा भर्ना गरिएकोमा गत भदौ ९ गते उनी उपचारपश्चात् डिस्चार्ज भएका थिए । शुक्रवार दिउँसो १;३० बजे उनको आफ्नै घरमा मृत्यु भएको हो




। अनुसन्धान तथा कानुनी प्रकृयाको लागि इलाका प्रहरी कार्यालय काँकरभिट्टाबाट प्रहरी निरीक्षक राजकुमार कार्कीको कमाण्डमा टोली खटिएको छ । मोटरसाइकल चालक मेचीनगर नगरपालिका वडा नं.७ बस्ने वर्ष ४० का काल्टु राजवंशी अंगभंग कसुरमा कारागारमै रहेको जिल्ला प्रहरी कार्यालयले जनाएको छ ।

त्यस्तै बिर्तामोडमा मोटरसाइकलको ठक्करबाट घाइते पैदलयात्रीको मृत्यु भएको छ । दुई दिनअघि बुधवार साँझ ७.२५ बजे बिर्तामोड १ अञ्जली अस्पताल अगाडि मोटरसाइकलको ठक्करबाट पैदलयात्री अर्जुनधारा ४ बस्ने ५५ वर्षीय कृष्णबहादुर मगर गंभीर घाइते भएका थिए । कन्यामबाट पश्चिम दुहबीतर्फ जाँदै गरेको प्र १-०२-००१ प ३५५७ न.को मोटरसाइकलले उनलाई ठक्कर दिएको थियो । मगरलाई उपचारको लागि बीएण्डसी अस्पताल लगिएकोमा शुक्रवार दिउँसो ३:३० बजे उपचारको क्रममा उनको मृत्यु भएको हो । मृतकको शव सोही अस्पतालमा रहेको छ । मोटरसाइकल चालक सुनसरी दुहबी नगरपालिका वडा नं. ६ बस्ने २० वर्षीय बसन्त माझीलाई नियन्त्रणमा लिई इलाका प्रहरी कार्यालय अनारमनीमा राखिएको छ ।

# तोकियो धानको न्यूनतम समर्थन मूल्य

झापा(प्रस) । सरकारले धानको न्यूनतम समर्थन मूल्य तोकेको छ । सरकारले

तोकेको वर्षे धानको न्यूनतम समर्थन मूल्यअनुसार मोटा धान प्रतिक्विन्टल ३ हजार ४६३.८१ रुपैयाँ र मध्यम धान ३ हजार ६८८.३३ रुपैयाँ प्रतिक्विन्टल रहेको छ।

गत वर्ष मोटा धान प्रतिक्विन्टल ३ हजार ४१०.५१ रुपैयाँ र मध्यम धान ३ हजार ५८०.६२ रुपैयाँ थियो।

खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेडले गत मंगलबारदेखि विभिन्न ठाउँबाट धान खरिद गरिरहेको छ। कम्पनीले सरकारले चालु आर्थिक वर्षको लागि तोकेको न्यूनतम समर्थन मूल्यमा देशभरका १३ वटा स्थानबाट धान खरिद गर्दै छ। यो वर्ष १ लाख ९० हजार क्विन्टल धान खरिद गर्ने लक्ष्यसहित ७० करोड रुपैयाँ बजेट विनियोजन गरिएको छ।

धान उत्पादनको पकेट क्षेत्रलाई आधार मानेर महेन्द्रनगर, धनगढी, राजापुर, नेपालगन्ज, जुम्ला, तुलसीपुर, भैरहवा, पोखरा, वीरगञ्ज, लाहान, जनकपुर, विराटनगर, बिर्तामोडबाट खरिद केन्द्रहरू सञ्चालन गरी धान खरिद गरिदै छ।

खाद्य कम्पनीको खरिद विभागका प्रमुख अनन्तराज पौडेलका अनुसार महेन्द्रनगर, धनगढी, राजापुरबाट धान खरिद सुरु गरिएको छ। यसअघि कम्पनीले लक्ष्य अनुसारको धान खरिद गर्न नसकेको अवस्थामा योपटक भने लक्ष्य पूरा हुने विश्वास लिइएको पौडेलले बताए।

उनका अनुसार बिहीवारसम्म १२ हजार क्विन्टलभन्दा बढी धान खरिद गरिएको छ। धनगढीमा १२ हजार क्विन्टल, महेन्द्रनगरमा १२ सय क्विन्टल र राजापुर बाट १६ सय क्विन्टल धान खरिद भइसकेको उनले बताए।

यसअघि व्यापारी एवं उद्योगीहरूले

❖ बाँकी पृष्ठ ३ मा

कांग्रेसमा महाधिवेशन बहस

# चुनावअघि नै भन्ने मत बलियो

झापा(प्रस) । नेपाली कांग्रेसमा १५औं महाधिवेशन बहस उत्कर्षमा छ। यसअघि सर्ने निश्चित जस्तै भएपछि सेलाइसकेको महाधिवेशन बहस जेनजी आन्दोलनले जगाइदिएको हो।

अहिले कांग्रेसमा 'महाधिवेशन फागुन २१ को चुनावअघि कि पछि' भन्ने बहस चर्किएको छ। संस्थापन पक्ष चुनावलाई नै देखाएर महाधिवेशन धकेल्न चाहन्छ भने इतर समूह नियमित होस् वा विशेष चुनावअघि नै महाधिवेशन गराइछाड्ने पक्षमा छ। २८ असोजदेखि सुरु केन्द्रीय कार्यसमिति बैठक महाधिवेशन कार्यतालिकाकै विषयमा कुरा नमिल्दा लम्बिएको छ। स्थगित हुँदै बस्दै आएको बैठकमा दुई छुट्टाछुट्टै तालिका पेस भएका छन्।

कार्यवाहक सभापति पूर्णबहादुर खड्काले सहमति नदिए पनि महामन्त्री गगन थापाले १८ कात्तिकको बैठकमा १६ देखि १९ पुसमा महाधिवेशन गर्ने कार्यतालिका बैठकमा प्रस्ताव गरेका छन्। यसमा संस्थापन पक्षीय नेताहरूको भने विमति छ।

संस्थापन पक्षका नेताहरूले आफ्नातर्फबाट सहमहामन्त्री महेन्द्र यादवलाई २७ देखि २९ वैशाखमा महाधिवेशन गर्ने काउन्टर प्रस्ताव राख्न लगाएका छन्। तर त्यो विधानसम्मत होइन, किनभने कांग्रेसमा विधानतः केन्द्रीय कार्यसमितिको बैठकमा महामन्त्रीले प्रस्ताव राख्ने व्यवस्था छ ।

यसरी दुई पक्ष आमनेसामने हुँदै आएका कांग्रेसमा पछिल्लो समय चुनावअघि महाधिवेशन हुनुपर्ने मत बलियो बन्दै गएको छ। जारी केन्द्रीय कार्यसमिति बैठकमा बोल्ने अधिकांश नेताहरूले चुनावअघि नै महाधिवेशन गर्नुपर्नेमा पक्षमा धारणा राखेका छन्।

रोचक विषय त के भने संस्थापन पक्षकै नेताहरू पनि क्रमशः चुनावअघि महाधिवेशन गर्ने पक्षमा खुलेका छन्। अझ एक कदम अघि सरेर सहमहामन्त्री रहेका संस्थापन पक्षकै नेता फरमल्लाह मन्सुरले त महामन्त्री गगन थापालाई भावी प्रधानमन्त्री प्रस्ताव गरेर जानुपर्ने बताएका छन्।

'अहिले आमजनताको चाहना र पार्टीभित्र प्रभावअनुसार पनि आउने संघीय निर्वाचनमा गगन थापालाई प्रधानमन्त्री प्रस्ताव गरेर जाने निर्णय यो केन्द्रीय समितिले लिनुपर्छ', बैठकमा भनेका छन्, 'गगन थापा सभापति र प्रधानमन्त्री भए राम्रो हुन्छ भनेर मानिसहरूले भनेका छन् ।'

पदाधिकारीका तहमा कांग्रेस इतर समूह अल्पमतमा रहँदै आएको थियो तर महाधिवेशनको विषयमा भने आधा पदाधिकारी इतरपक्षीय लाइनमा देखिएका छन्। केन्द्रीय समितिका १४ पदाधिकारीमध्ये चुनावअघि महाधिवेशन भन्ने इतरपक्षीय लाइनमा ७ पदाधिकारी खुलेका छन्।

उपसभापति धनराज गुरुङ, महामन्त्रीद्वय गगन थापा र विश्वप्रकाश शर्मा, सहमहामन्त्रीहरू बद्री पाण्डे, जीवन परियार, फरमुल्लाह मन्सुर, भीष्मराज आङ्देम्बे चुनावअघि नै गर्नुपर्ने पक्षमा छन्। यीमध्ये मन्सुर र आङ्देम्बे संस्थापन समूहका हुन्। उनीहरू १४औं महाधिवेशनमा सभापति शेरबहादुर देउवा समूहबाट निर्वाचित पदाधिकारी हुन् ।

उता फागुनको चुनावपछि महाधिवेशन गर्नुर्छ भन्नेमा संस्थापन पक्षीय पदाधिकारीहरू कार्यवाहक सभापति पूर्णबहादुर खड्का र सहमहामन्त्रीहरू महेन्द्र यादव, किशोरसिंह राठौर, उमाकान्त चौधरी, महालक्ष्मी उपाध्याय डिना र कोषाध्यक्ष उमेश श्रेष्ठ छन्।

उपचारका लागि सिंगापुरमा रहेका

❖ बाँकी पृष्ठ ३ मा

मोडिफाई गरेर मोटरसाइकल कुदाउनेको विगविगी

# ८ जना पक्राउ ,१३ वटा सवारी नियन्त्रणमा

झापा(प्रस) । बिर्तामोडमा मोडिफाई गरेर मोटरसाइकल कुदाउने ८ जना १३ वटा सवारी साधनसहित पक्राउ परेका छन् । मोडिफाई गरेर मोटरसाइकल कुदाउनेहरुको विगविगी बढेपछि इलाका प्रहरी कार्यालय बिर्तामोडबाट प्रहरी नायव उपरीक्षक बिजय श्रेष्ठको कमाण्डमा खटिएको १३ जनाको टोलीले बिर्तामोड नगर क्षेत्रको



बिभिन्न स्थानमा सर्च अप्रेशन गरेको थियो । दुई दिनमा त्यति धेरै संख्यामा पक्राउ परेका हुन् ।

बुधवार राति १० देखि बिहानको २ बजेसम्म प्रहरी टोलीले बिभिन्न स्थानमा सर्च अप्रेशन तथा चेकिङ गरेको थियो । त्यसक्रममा शंकास्पद अवस्थामा हिडडुल गर्ने तथा मोडिफाई गरी ठुलो आवाजमा कुदाउने सवारी साधनलाई प्रहरीले नियन्त्रणमा लिएको थियो । पक्राउ पर्नेहरुमा अर्जुनधारा वडा न.८ बस्ने बर्ष १७ का आयुस सापकोटा, वडा नं ११ बस्ने बर्ष १७ का निशान्त बुढाथोकी, सोही ठाउँका वर्ष ३५ का राकेश थापा, बिर्तामोड वडा न.४ बस्ने बर्ष २५ का दिपक थापा, भद्रपुर वडा न.५ बस्ने बर्ष ३६ का शिव राजवंशी , बुद्धशान्ति वडा न.५ बस्ने बर्ष २५ का अनुष खड्का रहेका छन् । सो राति प्रहरीले मे ११ प ९९६९, डब्लुबी७४बीबी २५०६ ,प्र १-०१-०१७ प १६२३ , डब्लुबी ७४एबी ६९६८ नं को कार ,प्र १-०१-०१७ प १८००,मे १ ह ५८७९ नं को अटो , प्र १-०१-०१८ प ७७५ ,प्र १-०१-०१८ प १९३१ ,मे १ प ७८११ , प्र १-०१-०१८ प ३२८२ नं को मोटरसाइकललाई नियन्त्रणनमा लिएको थियो ।

त्यस्तै बिहीवार राति ९ बजेदेखि ११बजेसम्म गरेको सर्च अपरेशन तथा चेकिङमा दुईजना मानिस पक्राउ परेका छन् । मोडिफाई गरी कुदाइएका तीनवटा सवारी साधनलाई प्रहरीले नियन्त्रणमा लिएको छ । पक्राउ पर्नेहरुमा बिर्तामोड ४बस्ने बर्ष अन्दाजी २५का उत्तम बर्देवा र इलाम देउमाई ३ बस्ने बर्ष २७ का कुशल गुरुङ रहेका छन् । त्यस्तै प्रहरीले मोडिफाई गरी कुदाइएका को२५प५०५१ ,मे९प४४७३ र बा९३प३५९८ नं को मोटरसाइकललाई नियन्त्रणमा लिएको छ ।

झापामा स्वरूप परिवर्तन गरी ठूलो आवाजमा मोटरसाइकल चलाउने ५१ वटा सवारी साधन कारबाहीमा परेका छन् । कात्तिक १ गतेदेखि चलाइएको अभियानमा त्यति धेरै मोटरसाइकल कार्वाहीमा परेको जिल्ला ट्राफिक प्रहरी कार्यालय झापाका प्रमुख प्रहरी निरीक्षक सन्तोष राईले बताए ।

उनले जिल्ला ट्राफिक प्रहरी कार्यालय बिर्तामोडबाट ३१ , ट्राफिक प्रहरी कार्यालय दमकबाट ५ , ट्राफिक प्रहरी कार्यालय चन्द्रगढीबाट ६ , ट्राफिक प्रहरी कार्यालय सुरुङ्गाबाट २ , ट्राफिक प्रहरी कार्यालय काँकडभिट्टाबाट ५ र ट्राफिक प्रहरी पोष्ट शनिश्चरेबाट २ वटा मोटरसाइकललाई नियन्त्रणमा लिई कार्वाही गरिएको जानकारी दिए । उनका अनुसार त्यस कार्वाहीबाट १७ लाख ७३ हजार ५०१ रुपैयाँ राजश्व संकलन भएको छ ।

पछिल्लो समयमा झापा जिल्लाका बिर्तामोड, दमक, काँकडभिट्टा लगायतका विभिन्न सहरहरूमा दुई पांग्रे सवारी साधनहरूले स्वरूप परिवर्तन गरी रातको समयमा चर्को आवाजमा सवारी सञ्चालन गर्ने विगविगी बढेको छ ।

# रास्वपाद्वारा '६ तथ्य' सार्वजनिक

झापा(प्रस) । राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)ले आफ्ना सभापति रवि लामिछानेमाथि सहकारी ठगी सम्बन्धी मुद्दा लगाएर राज्यले राजनीतिक प्रतिशोध साँधेको दाबी गरेको छ।

चितवनमा शुक्रबारदेखि सुरु केन्द्रीय समितिको विस्तारित बैठकमा कार्यवाहक सभापति डीपी अर्यालले प्रस्तुत राजनीतिक प्रतिवेदनमार्फत रास्वपाले लामिछानेविरुद्धको अभियोग नियोजित र प्रतिशोधपूर्ण रहेको जिकिर गरेको छ । प्रतिशोध जनाउने ६ वटा तथ्य नै रास्वपाले आफ्नो प्रतिवेदनमा उल्लेख गरेको छ ।

रास्वपाले संसदीय छानबिन विशेष समितिको प्रतिवेदनले प्रचलित कानून (कम्पनी ऐन) बमोजिम कारबाही गर्न भनेकोमा सरकारले षड्यन्त्रपूर्वक सहकारी ऐन प्रयोग गरेर मुद्दा चलाएको जिकिर गरेको छ । यसलाई रास्वपाले राजनीतिक पूर्वाग्रहको पहिलो प्रमाण मानेको छ।

यसैगरी २०५४ सालयता बनेका १५ वटा संसदीय विशेष समितिमध्ये १४ वटाको सिफारिस सरकारले सामान्य रूपमा बुझेको तर लामिछानेविरुद्धको सिफारिसलाई मात्र इतिहासमै पहिलोपटक क्याबिनेटबाटै अनुमोदन गराएर कार्यान्वयन गर्नुले प्रतिशोधको नमुना भएको रास्वपाको दाबी छ ।



यसैगरी अनुसन्धानका क्रममा सुरुमा सहकारी ठगी, त्यसपछि ६० दिन थुन्न संगठित अपराध र पछि ९० दिन थुनेर सांसद पद निलम्बन गराउन सम्पत्ति शुद्धीकरणको अभियोग लगाउर्नु षड्यन्त्रको अर्को श्रृंखला भएको प्रतिवेदनमा उल्लेख छ।

साथै, अनुसन्धानलाई केन्द्रीय अनुसन्धान ब्यूरोबाट नगराई जिल्ला-जिल्लामा विभाजित गरिनु पनि राजनीतिक प्रतिशोध नै भएको रास्वपाको प्रतिवेदनमा उल्लेख छ ।

यसैगरी सोही प्रकरणमा मुछिएका कांग्रेस सांसद माया राई र कांग्रेस उपसभापति धनराज गुरुङ तथा एमाले नेता ऋषिकेश पोखरेलकी पत्नीलाई सामान्य सोधपुछ वा सहजै उन्मुक्ति दिइएको तर सभापति लामिछानेलाई भने कठोर व्यवहार गरिएको रास्वपाको तर्क छ। जुन राजनीतिक प्रतिशोधको स्पष्ट उदाहरण भएको जिकिर रास्वापाको छ ।

यसैगरी सहकारी ऐनअनुसार जाहेरी परेको ९० दिनभित्र मुद्दा दर्ता गरिसक्नुपर्ने कानूनी व्यवस्था भए पनि कास्कीमा हदम्याद नाघेपछि मात्र मुद्दा दर्ता गरिएको रास्वपाको भनाइ छ। यसले कानूनी सिद्धान्तको मात्र नभई बदनियतको समेत पुष्टि गर्ने प्रतिवेदनमा उल्लेख छ।

यसैगरी उच्च अदालतले थुनामै पठाउने निर्णय गरेको केही मिनेटमै प्रहरीले घरमा पुगेर 'अन्तिम इच्छा' सोध्ने जस्तो ज्यादती गरेको र पक्राउदेखि अदालतमा बुझाउँदासम्म फरक-फरक व्यहोराका तीनवटा पूर्जी दिएर कानूनी शासनको उपहास गरेको रास्वपाको आरोप छ।

यी तथ्यहरू प्रस्तुत गर्दै रास्वपाले सभापति लामिछाने र पार्टीविरुद्धको समग्र षड्यन्त्रप्रति आफूहरू सचेत रहेको र यसको राजनीतिक तथा कानूनी प्रतिवाद जारी राख्ने प्रतिबद्धता व्यक्त गरेको छ। लामिछाने हाल पनि सहकारी ठगी आरोपमा पुर्पक्षका लागि नख्खु कारागारमा छन् ।

# एमसीसी परियोजनामा संलग्न कम्पनीलाई एक वर्षको आयकर छुट

झापा(प्रस) । नेपाल सरकारले एमसीसी कम्प्याक्ट अन्तर्गत एमसीए-नेपालमार्फत काम गर्ने निर्माण र सेवा प्रदायक कम्पनीहरूलाई चालू आर्थिक वर्ष २०८२/८३ का लागि आयकर छुट दिने निर्णय गरेको छ । एमसीसी परियोजनामा काम गर्ने कम्पनीलाई मन्त्रिपरिषद्ले आयकरमा दिएको छुट सम्बन्धमा अर्थ मन्त्रालयले राजपत्रमा सूचना प्रकाशित गरेको हो ।

उक्त सूचनामा आर्थिक ऐन, २०८२ को दफा १८ को उपदफा (१) बमोजिम उक्त निर्णय गरिएको जानकारी गराएको छ । मन्त्रिपरिषद् बैठकको निर्णय अनुसार जारी गरिएको उक्त सूचनामा भनिएको छ, 'नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०८२ साउन १८ गतेको निर्णयअनुसार सो परियोजनामा संलग्न कम्पनीलाई आयकर छुट दिइने भएकोले यो सूचना प्रकाशित गरिएको हो ।'

यस निर्णयले नेपालमा शाखा दर्ता गरेका वा स्थायी संस्थापनका रूपमा दर्ता रहेका एमसिसी कम्प्याक्ट बमोजिम एमसीए-नेपालको काम गर्ने कम्पनीले एमसिसी फन्डिङ (नेपाल सरकारको योगदानसहित)बाट आर्जित आम्दानीमा यस वर्ष आयकर तिर्नुपर्ने छैन ।

अर्थ मन्त्रालयका सचिव घनश्याम उपाध्यायका अनुसार, यो व्यवस्थाले सरकारलाई विशेष परियोजना वा निकायका लागि कर छुटका व्यवस्था गर्न सक्ने अधिकार प्रदान गरेको छ । यसको प्रत्यक्ष लाभ एमसिसी परियोजनाअन्तर्गत भइरहेको ट्रान्समिसन लाइन र सडक सुधार जस्ता ठुला पूर्वाधार आयोजनामा कार्यरत कम्पनीहरूलाई हुनेछ । यस निर्णयले परियोजनाको गतिलाई थप टेवा पुग्ने अपेक्षा गरिएको छ ।


## हिमालयन लाइफ इन्स्योरेन्स लि.

प्रधान कार्यालय, काठमाण्डौ, नेपाल

फोन नं. ४४४१४१४, ४४४१७७८, ४४४१६६४

### हकदावी सम्बन्धी सूचना

यस कम्पनीबाट जारी तपशिलमा उल्लेख भएका बीमितहरुले बीमालेख हराएको/नासिएकोले प्रतिलिपि बीमालेखको लागि निवेदन पेश गरेको हुँदा उक्त बिमालेख उपर कसैको हकदाबी भए सो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र कम्पनीको केन्द्रीय कार्यालयमा सबुद प्रमाणसहित हकदाबी दर्ता गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । सो अवधिभित्र दाबी दर्ता नभएमा निवेदकहरुको माग बमोजिम प्रतिलिपि बीमालेख जारी गरिने व्यहोरा समेत सम्बन्धित सबैको लागि जानकारी गराईन्छ ।

| क्र.सं. | बीमालेख नं. | बीमितको नाम | ठेगाना |
|---|---|---|---|
| १. | pli१६१०००१६०४ | सौगात संग्रौला | शिवसताक्षी-४,झापा |


# थपिए १ लाख ३६ हजार नयाँ मतदाता

झापा(प्रस) । १ लाख ३६ हजार ६० जना नयाँ मतदाताले मतदाता नामावलीमा नाम दर्ता गराएका छन् ।



गत असोज १० गतेदेखि आयोगले कात्तिक ३० सम्म नयाँ मतदातालाई मतदाता सूचीमा नाम दर्ता गर्न सार्वजनिक सूचना जारी गर्दै समय तोकेको छ । जसअनुसार असोज १० पछि बिहीबार बेलुकासम्म १ लाख ३६ हजार ६० जना मतदाता थपिएको आयोगका सहसचिव तथा प्रवक्ता नारायणप्रसाद भट्टराईले जानकारी दिए । उनका अनुसार बिहीबार एकै दिन ११ हजार एक सय ९७ जनाले मतदाता नामावलीमा नाम दर्ता गराएका छन् ।

तीमध्ये ६ हजार चार सय ६१ पुरुष र ४ हजार सात सय ४३ जना महिला छन् । 'अन्य' दुई जनाले पनि नामावलीमा नाम दर्ता गराएका छन् । यो सँगै नयाँ नाम दर्ता गर्ने पुरुषको जम्मा संख्या ८१ हजार ८ सय ६४ पुगेको छ भने ५४ हजार एक सय ७८ पुगेको छ । 'अन्य' १८ जना पुगेको आयोगले जनाएको छ ।

# पुलिस झापा महिला गोल्डकपको फाइनलमा

बिर्तामोड(प्रस) । शिवसताक्षीस्थित दुधे रंगशालामा जारी झापा महिला गोल्डकप अन्तर्गत भएको पहिलो सेमिफाइनल खेलमा नेपाल पुलिस क्लबले संकटा फुटबल क्लबलाई २-० ले पराजित गर्दै फाइनलमा स्थान बनाएको छ ।

खेलको सुरुवाती मिनेटदेखि नै दुबै टिमबीच बराबरी प्रतिस्पर्धा देखिएको थियो । २४ औँ मिनेटमा पुलिसले कर्नर किकबाट गोलको अवसर पाएको थियो । पूजा रानाले दिएको कर्नरमा आएको सटलाई संकटाकी गोलकिपर सुशीलाकुमारी चौधरीले उत्कृष्ट बचाउ गरेकी थिइन् ।



३० औँ मिनेटमा संकटाले उत्कृष्ट मौका गुमायो । भुटानी खेलाडी छिरिङ वाङ्देनले दिएको क्रसमा पूर्णिमा राईले डिबक्सभित्रबाट हेडर गर्न खोजे पनि सफल हुन सकिनन् । पहिलो हाफको इन्ज्युरी समयमा पनि संकटाले अग्रता लिने मौका पाए पनि सेनुले दिएको क्रसमा छिरिङको सट गोलपोस्ट नजिकैबाट बाहिरिएको थियो ।

प्रतिस्पर्धात्मक बनेको खेलको पहिलो हाफमा दुबै टोलीले गोल गर्न सकेनन् । यस संस्करणको प्रतियोगितामा पहिलोपटक पहिलो हाफ गोलरहित बराबरीमा सकिएको हो ।

७० औँ मिनेटमा पुलिसले खेलमा अग्रता बनायो । करिब ३० यार्ड टाढाबाट पूजा रानाले दिएको फ्रिकिकमा मिना देउबाले सटिक हेड मार्दै गोल गरिन् । त्यसपछि ८२ औँ मिनेटमा पुलिसले अग्रता दोब्बर बनायो । संकटाकी कप्तान यशोदा शाहीले बल क्लियर गर्न नसक्दा रेखा पौडेलले मौका सदुपयोग गर्दै दोस्रो गोल गरिन् ।

खेलको अन्तिम मिनेटमा फर्वाड सम्झना लावतीले वान-भर्सेस-वानको सुनौलो मौका गुमाइन् । इन्ज्युरी समयको अन्त्यतिर संकटाले सान्त्वना गोलको अवसर पाए पनि सेनुको सट गोलपोस्ट नजिकैबाट बाहिरियो ।

२-० को जितसँगै नेपाल पुलिस क्लब फाइनलमा प्रवेश गरेको छ भने संकटा क्लब प्रतियोगिताबाट बाहिरिएको छ । पुलिसले अब उपाधिका लागि फाइनलमा शनिवार हुने एपिएफ र त्रिभुवन आर्मीबीचको विजेतासँग सामना गर्नेछ ।खेलको प्लेयर अफ द म्याच पुलिसकी रेखा पौडेल भइन् । उनले नगद १५ हजार र ट्रफी पाइन् ।

प्रतियोगिताको विजेता टोलीले नगद १० लाख १० हजार रुपैयाँ, उपविजेताले पाँच लाख रुपैयाँ प्राप्त गर्नेछन् ।

सर्वोत्कृष्ट खेलाडीलाई १ लाख ५० हजार रुपैयाँ र उत्कृष्ट गोलकिपर, डिफेन्डर, मिडफिल्डर, फरवार्ड, प्रशिक्षक, उदीयमान खेलाडी र उच्च गोलकर्तालाई २५ हजार रुपैयाँका दरले पुरस्कार प्रदान गरिनेछ । हरेक खेलको 'प्लेयर अफ द म्याच'लाई १५ हजार रुपैयाँ र ट्रफी प्रदान गरिने व्यवस्था गरिएको छ । प्रतियोगिताको फाइनल खेल कात्तिक २४ गते हुनेछ ।


## बिर्तामोड नगरपालिका नगर कार्यपालिकाको कार्यालय कोशी प्रदेशको

### १५ दिने सूचना

सधियार दक्षिणः तेज प्रसाद उप्रेतीको नाममा जारी गरिएको ।

साविक अनारमनी गाविस हाल बिर्तामोड नगरपालिका, वडा नं. ३ बस्ने श्री लोकनाथ शाहले निजका नाममा दर्ता कायम रहेको तपसिल बमोजिम जग्गामा भवन अभिलेखिकरण प्रमाण पत्र पाउँ भनी निवेदन तथा घर नक्सा पेश गर्नु भएकोमा तपाईं सधियारको उपस्थिति नरहेकोले स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ३१ को उपदफा (क) बमोजिम यो सूचना प्रकाशित गरिएको छ । ऊक्त विवरणमा कुनै हकदावी भए यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र आफ्नो प्रमाण सहित यस कार्यालयमा निवेदन पेश गर्नुहोला । म्यादभित्र कुनै दावी विरोध नभए कानुन बमोजिम भइजाने व्यहोरा समेत सुचित गरिन्छ ।

| जग्गा रहेको स्थान | सिट नं. | कित्ता नं. | क्षेत्रफल | नक्सा दर्ता | सूचना प्रकाशित मिति | सर्जिमिन मिति |
|---|---|---|---|---|---|---|
| बिर्तामोड न.पा ३ | १७९० २०० | ७७ | २६०. ०० | २०८१/ ०१ /०९ | २०८१/ ०१ /०९ | २०८१/ ०२/०६ |



## मेचीनगर नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

ईटाभट्टा, झापा, कोशी प्रदेश

### प्रारम्भिक वातावरणीय परिक्षण (IEE) सम्बन्धी सार्वजनिक सूचना

(प्रकाशित मितिः २०८२/०७/२२ गते)

कोशी प्रदेश झापा जिल्लाको मेचीनगर नगरपालिका भएर बग्ने मेची, निन्दा, टिमाई र हडिया खोलाका विभिन्न स्थानहरुबाट दिगो रुपमा ढुङ्गा, गिट्टी तथा बालुवा उत्खनन्/संकलन कार्यको प्रारम्भिक वातावरणीय परिक्षण (IEE) प्रतिवेदन तयारी कार्यका लागि तपसिल अनुसारको प्रस्ताव गरिएको छ ।

| | |
|---|---|
| प्रस्तावकको नाम र ठेगाना | मेचीनगर नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, ईटाभट्टा, झापा, कोशी प्रदेश<br>टेलिफोन नं.: ०२३-५६२४३७,०२३-५६२५०५,Website: https://mechinagarmun.gov.np/<br>ईमेलःmechinagarmun@gmail.com |
| प्रस्तावकको व्यहोरा | मेचीनगर नगरपालिका भएर बग्ने मेची, निन्दा, टिमाई र हडिया खोलाका विभिन्न बगर क्षेत्रहरुबाट दिगो रुपमा ढुङ्गा, गिट्टी तथा बालुवा उत्खनन्/संकलन कार्यको प्रारम्भिक वातावरणीय परिक्षण (IEE) प्रतिवेदन तयारी । |
| प्रभाव पर्न सक्ने क्षेत्र | मेचीनगरनगरपालिका वडा नं १, २, ३, ४, ५, ६, ७, ८, ९,१०, ११, १२, १४, र १५ |

माथि उल्लेखित प्रस्तावको वातावरणीय अध्ययन प्रतिवेदन तयारी गर्ने क्रममा सो क्षेत्रको जैविक तथा पारिस्थितिकीय प्रणाली, प्राकृतिक तथा भौतिक प्रणाली, सामाजिक तथा आर्थिक प्रणाली र साँस्कृतिक प्रणालीहरु बीच के कस्तो सकारात्मक तथा नकारात्मक प्रभाव पर्दछ भनी यकिन गर्न प्रभाव पर्न सक्ने क्षेत्र का विद्यालय, स्वास्थ्य संस्था, तथा सरोकारवाला व्यक्ति वा संस्थाहरुको राय सुझाव लिन आवश्यक भएकाले यो सार्वजनिक सूचना प्रकाशन भएको मितिले सात (७) दिन भित्र देहायमा उल्लेखित ठेगानामा आईपुग्ने गरी लिखित राय सुझाव उपलब्ध गराई दिनुहुन अनुरोध गरिन्छ ।

| | |
|---|---|
| प्रस्तावकको नाम र ठेगाना | मेचीनगर नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, ईटाभट्टा, झापा, कोशी प्रदेश<br>टेलिफोन नं.: ०२३-५६२४३७, ०२३-५६२५०५, Website: https://mechinagarmun.gov.np/<br>ईमेलः mechinagarmun@gmail.com |
| परामर्शदाताको नाम र ठेगाना | चन्दननाथ कन्सल्टेन्सी<br>ठेगानाः चन्दननाथ न. पा., वडा न. ४, जुम्ला<br>सम्पर्क : ९८४२७८८८५४, ईमेलः chandannathconsultancy@pced.com.np |

प्रमुख प्रशासकीय अधिकृत



## समयमै बसाइँसराइ दर्ता गरौं ।

बसाइँ सरेर जाँदा चाहिने कागजातहरुः
- लगत हस्तान्तरण फाराम,
- बसाइँसराइ गरेर जाने सूचकको नागरिकताको प्रमाणपत्र,
- १६ वर्ष मुनिका बालबालिकाको हकमा जन्म दर्ताको प्रमाणपत्र र १६ वर्षभन्दा माथिका नागरिकको हकमा नागरिकता र नागरिकता नभएमा जन्मदर्ताको प्रमाणपत्र,
- बसाइँसराइ गर्नेको सबै प्रकारका व्यक्तिगत घटनाको दर्ता प्रमाणपत्र,
- बाबु बेपत्ता वा ठेगान थाहा नभएको भए सोसम्बन्धी प्रहरी प्रतिवेदन ।

बसाइँ सरेर आउँदा चाहिने कागजातहरुः
- लगत हस्तान्तरण फाराम,
- सूचकको नागरिकता ।
- सम्बन्धित स्थानीय तहमा ३५ दिनभित्र बसाइँ सराइको दर्ता गरौं

नेपाल सरकार विज्ञापन बोर्ड



'मेरो कर्णाली मेरो समृद्धिको आधार'

## कर्णाली बचत तथा ऋण सहकारी संस्था लि.

विर्तामोड-४, झापा

प्रथमपटक प्रकाशित मिति २०८२/०७/२२

### २५औं वार्षिक साधारण सभा सम्बन्धी सूचना

यस कर्णाली बचत तथा ऋण सहकारी संस्था लि. झापाको मिति २०८२/०७/१९ गते बसेको संचालक समितिको ५३६औं बैठकको निर्णय अनुसार संस्थाको २५औं वार्षिक साधारण सभा यहि मिति २०८२/०९/०४ गते सम्पन्न गर्न सहकारी ऐन२०७४, सहकारी नियमावली २०७५ को नियम १८ को उप नियम ५ 'क' तथा प्रदेश ऐन नियमबमोजिम सहकारी संस्थाको साधारण सभा निर्देशिका २०७६ (पहिलो संशोधन सहित) मा व्यवस्था भए बमोजिम निम्न ७ वटा ईकाइ निर्धारण गरी उक्त साधारण सभा सम्पन्न गरिने भएकोले उक्त ईकाइगत साधारण सभामा उपस्थित हुन शेयर सदस्यज्यूहरु सबैमा पत्राचार गरिने छ। पत्र प्राप्त नभएमा यसै सूचनालाई आधार मानी उपस्थितिका लागि अनुरोध गरिन्छ । उक्त ईकाइगत साधारण सभाबाट २५औं वार्षिक साधारण साभाको माईन्युट लेखन तथा प्रमाणीकरण प्रतिनिधि छनौट समेत गरिने भएकोले उपस्थितिका लागि पुनः हार्दिक अनुरोध गर्दछौं ।

तपसिल

| क्र.स | ईकाई | ईकाईमा समेटिने कार्यालयहरु | मिति | समय |
|---|---|---|---|---|
| १ | विर्तामोड(क) | विर्तामोड, सैनिकमोड, गरामनी, बुट्टावारी, गोलधाप र राजगढ | २०८२/०८/२१ | ११:०० |
| २ | दमक | दमक, नमुना, लखनपुर, गौरादह, जुरोपानी र क्याम्पा | २०८२/०८/२३ | ११:०० |
| ३ | उर्लावारी | उर्लावारी, मधुमल्ला, मोरङ्ग मंगलवारे, पथरी, बेलवारी, मोरङ्ग सोमबारे र दाम्राभिट्टा | २०८२/०८/२४ | ११:०० |
| ४ | सुरुङ्गा | सुरुङ्गा, झिलझिले, शिवगन्ज, शरणामति र बैगुनधुरा | २०८२/०८/२५ | ११:०० |
| ५ | विर्तामोड (ख) | विर्तामोड, कृषिथोक, महानन्द चोक, शनिश्चरे, खुदुनावारी र लक्ष्मीपुर | २०८२/०८/२६ | ११:०० |
| ६ | चारआली | चारआली, धुलावारी, इटाभट्टा, भृकुटी, बुधवारे, फिक्कल र हर्कटे | २०८२/०८/२८ | ११:०० |
| ७ | भद्रपुर | भद्रपुर, भद्रपुर सोमबारे, बनियानी, पथरिया र झापा मंगलवारे | २०८२/०९/०२ | ११:०० |

नोट : ईकाइगत साधारण सभा सम्पन्न हुने स्थान पत्रमार्फत जानकारी हुनेछ, सदस्य सहजताका लागि आ-आफ्नो सेवाकेन्द्र प्रमुख मार्फत समेत जानकारी प्राप्त गर्न सकिने छ ।

कर्णाली बचत तथा ऋण सहकारी संस्था लि.

विर्तामोड-४,झापा


नव सञ्चार गृह प्रा.लि.द्वारा प्रकाशित तथा नव सञ्चार अफसेटमा मुद्रित । कार्यालय : भद्रपुर बस स्टेण्ड पश्चिम, गजुरमुखीटोल, बिर्तामोड (झापा) । फोन नं.: ०२३-५४३८२० । इमेल : pratidin65@gmail.com । अध्यक्ष : युवराज दाहाल । सम्पादक : इन्द्रसिंह राजवंशी

## सम्पादकीय

# जैविक विविधतामा नेपाल पहिलो

अन्तर्राष्ट्रिय अनुसन्धानकर्ताले गरेको अध्ययन नतिजाले नेपाल विश्वमै मानव–प्रकृतिबिचको सम्बन्धको हिसाबले पहिलो राष्ट्रमा स्थापित गरेको छ। विश्वका कुल ६१ राष्ट्रमा गरिएको अध्ययनले 'नेचर कनेक्टेड' राष्ट्रको सूचीमा नेपाल सबैभन्दा अगाडि आउनु पक्कै पनि गर्वको विषय हो।

अध्ययनका क्रममा ६१ राष्ट्रका ५७ हजार सहभागीलाई सामाजिक, आर्थिक, भौगोलिक र सांस्कृतिक कारकहरूले कसरी मानिसको प्रकृतिप्रतिको दृष्टिकोणलाई प्रभाव पार्छन् भन्ने प्रश्न सोधिएको थियो र नतिजालाई विश्लेषण गरिएको थियो। वातावरण तथा समाजसम्बन्धी वैज्ञानिक जर्नल एम्बिओमा गत शनिबार प्रकाशित उक्त प्रतिवेदनका अनुसार सबैभन्दा बढी प्रकृतिसँग जोडिएका राष्ट्रको सूचीमा विश्वका अन्य सबै राष्ट्रलाई पछाडि पार्दै नेपाल पहिलो नम्बरमा आएको हो।

'प्रकृति–सामीप्य'लाई एक स्थापित अवधारणा मानिन्छ, जसले कुनै व्यक्तिको प्रकृतिसँगको संज्ञानात्मक र भावनात्मक सम्बन्धलाई झल्काउँछ। यो मनोवैज्ञानिक अवधारणाअन्तर्गत कुनै व्यक्तिको अन्य जीवजन्तुसँगको सम्बन्ध मापन गरिन्छ। विभिन्न अध्ययनले प्रकृतिसँगको सम्बन्ध बलियो हुँदा व्यक्तिको मानसिक स्वास्थ्य राम्रो हुने र ऊ वातावरण–मैत्री व्यवहारमा बढी संलग्न हुने देखाएका छन्। यसैगरी प्रकृतिसँगको कमजोर सम्बन्धका कारण सम्बद्ध व्यक्तिले व्यक्तिगत भौतिक लाभलाई प्राथमिकता दिने हुँदा यसलाई जैविक विविधताको ह्राससमेत निम्त्याउने कारक मानिन्छ।

बेलायत र अस्ट्रियाका अनुसन्धानकर्ताको टोलीले गरेको यो अध्ययनले विज्ञानभन्दा बढी धर्म र आस्थालाई महत्त्व दिने समाजमा प्रकृतिसँगको सम्बन्ध पनि बलियो हुने देखाएको छ। बेलायतको डर्बी विश्वविद्यालयका प्राध्यापक माइल्स रिचर्डसनले नेतृत्व गरेको उक्त अध्ययनले प्रकृतिसँगको सम्बन्धलाई कमजोर पार्ने कारकमा उच्च सहरीकरण, औसत आम्दानी र इन्टरनेट प्रयोगको दर रहेको देखाएको छ।

त्यसो त, नेपाली जनता प्रकृतिमैत्री भएका कैयन् उदाहरण छन्। नेपालमा प्राचीन कालदेखि नै प्रकृति, वातावरण र जीवजन्तुप्रति आदर र संरक्षणको परम्परा रहिआएको छ। हाम्रा धार्मिक तथा सांस्कृतिक परम्परामा वन, नदी, पहाड, वृक्ष र जनावरलाई देवीदेवताका रूपमा पुज्ने चलन छ। पिपल र वरलाई पूजा गर्ने, नाग पञ्चमीमा सर्पको पूजा गर्ने आम चलन छ। छठ, जनै पूर्णिमादेखि तिहारमा गरिने गोवर्धन पूजा, काग र कुकुरलाई गरिने पूजादेखि हरेक पर्व र उत्सवमा प्रकृतिप्रति श्रद्धा व्यक्त गरिन्छ र यस्ता कार्यमा प्रकृतिसँगको अन्योन्याश्रित सम्बन्ध हुन्छ। नेपालका धार्मिक मठमन्दिरनजिकै पवित्र वन संरक्षण गर्ने चलनले जैविक विविधतालाई संरक्षण गर्न सहयोग गरेको छ।

नेपालको सामुदायिक वन व्यवस्थापन विश्वकै सफल उदाहरणमध्ये एक हो। देशभर छरिएका सामुदायिक वन उपभोक्ता समूहका लाखौँ सदस्य वन संरक्षणमा सक्रिय छन्। यसबाहेक, परम्परागत कृषि प्रणाली नेपाली किसानको अझै पनि रोजाइमा छ। जैविक खेती गर्ने, प्रांगारिक मल, गोठ मल र परम्परागत बिउ प्रयोग गर्ने चलन अझै पनि जीवित छ भने धान, मकै, कोदो, फापरजस्ता परम्परागत जातका अन्नको संरक्षणले जैविक विविधतालाई जोगाएको छ।




# बजारसँग जोड्ने प्राविधिक शिक्षा



• प्रमोदभक्त आचार्य

देशको आर्थिक तथा सामाजिक विकासका लागि प्राविधिक जनशक्तिको ठुलो भूमिका हुन्छ । आजको युगलाई नै प्रविधिको युग भनेर चित्रित गरिएको छ । यसले पनि प्राविधिक शिक्षाको महत्व र आवश्यकतालाई पुष्टि गरेको छ । आजका युवा जनशक्तिलाई सिप सिकाएर उत्पादन तथा रोजगारीमा सहभागिता गराउने कार्य प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिमको हुन्छ । यसै अनुसार आधारभूत तहदेखि उच्च तहसम्मका प्राविधिक जनशक्ति उत्पादन गर्ने संस्था स्थापना भएका छन् । प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् सिटिइभिटीले छोटा र लामो अवधिका प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिमका कार्यक्रमलाई सञ्चालन, व्यवस्थापन, नियमन, गुणस्तर कायम र यसको प्रवर्धनका निम्ति सहजीकरण गर्दै आएको छ । परिषद्ले श्रम बजारको माग अनुसार आधारभूत तथा मध्यमस्तरीय प्राविधिक जनशक्ति उत्पादन गर्ने र सरोकारवालासँग समन्वय र सहकार्य गर्दै उत्पादित जनशक्तिलाई बजारसँग जोड्ने काम गरिरहेको छ । हालसम्म परिषद्ले श्रम बजारको माग अनुसारका जनशक्ति उत्पादन गर्न पाठ्यक्रम तयार, प्रशिक्षकको क्षमता विकास, उद्योग, व्यवसाय र रोजगारदातासँगको समन्वय र सहकार्यमा प्राविधिक शिक्षाको गुणत्मकता वृद्धिका लागि निरन्तर काम गर्दै आएको छ ।

प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिममा राज्यको उच्च प्राथमिकताका बाबजुद यस क्षेत्रमा अध्ययनका लागि विद्यार्थीको आकर्षण खासै बढ्न सकेको छैन । तथ्याङ्कहरूलाई अध्ययन गर्दा प्राविधिक तथा व्यावसायिक शिक्षाको उपलब्धताको तुलनामा विद्यार्थी भर्नादर २५ प्रतिशत हाराहारीमा मात्र छ । एकातिर प्राविधिक जनशक्तिको माग बढेर जानु अनि अर्कातिर प्राविधिक शिक्षा अध्ययन गर्ने विद्यार्थीको संख्या निरन्तर ओरालो लागिरहनु कहीँ न कतै केहीँ त्रुटि रहेको दृष्टान्त हो । एकातर्फ सरकारले हरेक पालिकामा प्राविधिक शिक्षालयको संस्थागत पहुँच पुऱ्याउने र १६ औँ आवधिक योजनाको अन्त्यसम्ममा प्राविधिक शिक्षाको पहुँच ७० प्रतिशत पुऱ्याउने लक्ष्य राखेको छ भने अर्कोतर्फ हाल उपलब्ध सिट संख्यामा समेत विद्यार्थी भर्नाको कोटा पूरा नभएको अवस्था छ । यसले सरकार राखेको लक्ष्य पूरा नहुने मात्रै होइन हाल गरिरहेको लगानीको पनि प्रतिफल पूरा नहुने देखिन्छ ।

यसो हुनुका कारणमा केही हाम्रा नीतिगत तथा संस्थागत समस्या छन् । जसमा संघीय तहमा सञ्चालन हुँदै आएको सिटिइभिटीको पुनर्संरचना गरी प्रदेश र स्थानीय तहसँग समन्वय र सहकार्य गर्दै प्राविधिक जनशक्ति तयार गर्न हातेमालो गर्न सकिएको छैन । संघीय तहमा समेत धेरै मन्त्रालयले प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिमका कार्यक्रम सञ्चालन गर्दै आएका छन् । प्रदेश र पालिकाले समेत आआफ्नो ढङ्गबाट संरचना स्थापना गर्दै कार्यक्रम सञ्चालन गर्नुपर्ने अवस्था सिर्जना भएको छ । यसो गर्दा एकातर्फ कार्यक्रममा र स्रोतको समेत दोहोरोपना भइरहेको छ भने अर्कातर्फ विद्यार्थी, अभिभावकलाई कुन शैक्षिक संस्थाले प्रदान गर्ने प्रमाणपत्रको मान्यता र अध्ययनपश्चात्को रोजगारीमा अवसरमा सहज हुन्छ भन्ने यकिन गर्न कठिन छ ।

प्राविधिक तथा व्यावसायिक शिक्षाका कार्यक्रममा कार्यस्थलको सिकाइलाई अनिवार्य गर्न सकिएको छैन । उद्योगी, व्यवसायी र रोजगारदातालाई प्राविधिक तथा व्यावसायिक शिक्षाका कार्यक्रमसँग जोड्न सकिएको छैन । उद्योगी व्यावसायी र रोजगारदाताको माग अनुसारका क्षेत्र र तहमा आवश्यक प्राविधिक जनशक्ति तयार गर्न सकिएको छैन । बजार मागको अध्ययनपश्चात् उद्यमी बन्न आवश्यक सिपसहित उद्यमी संस्कार सिकाउन सकिएको छैन । यसका कारणमा कार्यक्रम सञ्चालनका लागि तोकिएका न्यूनतम भौतिक तथा शैक्षिक पूर्वाधारको व्यवस्था नहुनु, पाठ्यक्रमलाई समयसापेक्ष सुधार हुन नसक्नु, शिक्षण सिकाइलाई प्रविधिमैत्री बनाउन नसक्नु, मूल्याङ्कन प्रणालीमा प्रयोगात्मक परीक्षामा जोड गर्न नसक्नुका साथै नियमित अनुगमन नहुनु रहेका छन् ।

प्राविधिक तथा व्यावसायिक शिक्षामा विद्यार्थीको रोजाइ कम हुनुका अनेकौँ कारणमध्ये एक महत्वपूर्ण कारण शैक्षिक क्यालेन्डरको प्रभावकारी कार्यान्वयन हुन नसक्नु पनि एक हो । तोकिएको समयभित्र विद्यार्थी भर्ना, समयमा पठनपाठन सम्पन्न, समयमा परीक्षा र समयमै नतिजा प्रकाशन गर्न नसक्नु प्राविधिक तथा व्यावसायिक शिक्षामा देखिएका समस्या हुन् ।

**शैक्षिक क्यालेन्डर के हो र किन ?**

शिक्षालयले सञ्चालन गर्ने शैक्षिक क्रियाकलापलाई तोकिएको समयभित्र प्रभावकारी ढङ्गबाट सम्पादन गर्न तयार गरिएको समय तालिका नै शैक्षिक क्यालेन्डर हो । यसमा विद्यार्थी भर्नाको समय सीमा, नियमित पठनपाठन, परीक्षा तथा मूल्याङ्कन, नतिजा प्रकाशन र शैक्षिक योग्यताका प्रमाणको वितरणसमेत उल्लेख गरिएको हुन्छ । परीक्षा नियन्त्रण कार्यालयबाट तयार गरिएको शैक्षिक क्यालेन्डरका आधारमा सम्बन्धित शिक्षण संस्थाले शिक्षालयस्तरमा शैक्षिक तथा अतिरिक्त क्रियाकलापसहितको योजना तयार गर्नुपर्ने हुन्छ । यस्ता शैक्षिक योजनामा नियमित पठनपाठन, बिदा, विद्यार्थीलाई प्रयोगात्मक अभ्यास, फिल्ड भिजिट, सामुदायिक स्वास्थ्य कार्यक्रम, आन्तरिक मूल्याङ्कन, सेमेस्टर तथा वार्षिक परीक्षा आदि उल्लेख गरिएको हुन्छ ।

पाठ्यक्रममा उल्लेख भए अनुसार कार्यगत तालिम र इन्टर्नसिपका क्रियाकलापसमेत शैक्षिक क्यालेन्डरमा समावेश हुनु पर्छ । यसका साथै शिक्षालयबाट सम्पादन गरिने अतिरिक्त क्रियाकलापमा खेलकुद सप्ताह, प्रशिक्षार्थी भर्ना अभियान, समुदायसँग प्राविधिक तथा व्यावसायिक शिक्षाका कार्यक्रम, सरोकारवालासँगको अन्तरसंवाद कार्यक्रमको समेत समय तालिका तय गरी शैक्षिक क्यालेन्डरमा राखिनु पर्छ । यस्ता शैक्षिक योजनाले शिक्षण संस्थामा सञ्चालन हुने सबै शैक्षिक क्रियाकलाप समयमै सञ्चालन गर्न सहज बनाउँछ । यसबाट विद्यार्थी र शिक्षक दुवैमा समयपालन र अनुशासनको भावना विकास हुन्छ । जसले गर्दा शिक्षालयको समुदाय, उद्योग व्यवसायी र रोजगारदाता र अन्य सरोकारवालासँगको अन्तरसम्बन्ध थप विकास हुन्छ ।

समयमा नै विद्यार्थी भर्ना, परीक्षा र नतिजा प्रकाशन भन्ने मूल उद्देश्यका साथ परिषद् परीक्षा नियन्त्रण कार्यालयबाट भर्ना क्यालेन्डरसमेत समावेश गरेर भर्ना निर्देशिका तयार गरेको हुन्छ । शिक्षालयले पाठ्यक्रममा तोकिएको सिप र ज्ञान सिकाउने, समयमा नै परीक्षा सञ्चालन र नतिजा प्रकाशन गरी प्रमाणपत्र वितरणसम्मका कामलाई सुनिश्चितता गर्न भर्ना निर्देशिका जारी गरेको पाइन्छ । निर्देशिकामा भर्नालाई पारदर्शी र सबैको पहुँचलाई सुनिश्चितता हुने गरी अनलाइन आवेदन फाराम भर्ने व्यवस्था पनि गरिएको छ । विगतका वर्षमा विभिन्न कार्यक्रम अनुसार पटक पटक लिइँदै आएको प्रवेश परीक्षा विद्यार्थी छनोटलाई एकै पटक गरिएको छ । सबै भर्ना प्रक्रिया एकै पटक हुँदा विद्यार्थीलाई भर्ना कार्यक्रममा सहभागी हुन सहजसमेत भएको छ । क्यालेन्डरमा समावेश भएका सबै विषय लागु गर्न सकिएको छैन । जबसम्म क्यालेन्डर लागु गर्न सकिँदैन, तबसम्म प्राविधिक शिक्षाको दुरावस्था कायमै रहन्छ ।

देशको समृद्धि र विकासका क्षेत्रको पहिचान गरी त्यसका लागि आवश्यक प्राविधिक जनशक्ति तयार गर्नु सिटिइभिटीको दायित्व हो । यस कार्यका लागि सरकारले उच्च प्राथमिकता दिँदै आएको छ । यद्यपि अपेक्षा गरे अनुसार विद्यार्थीलाई प्राविधिक शिक्षामा आकर्षण गर्न सकिएको छैन । यसका विभिन्न कारणमध्ये समयमै भर्ना प्रक्रिया समाप्त नहुनु, समयमा नै पढाइ सुरु नहुनु र तोकिएका कोर्स समाप्त नहुनु, समयमै परीक्षा लिने र नतिजा प्रकाशन गर्ने प्रक्रिया र प्रमाणपत्र वितरणसम्मका कामलाई व्यवस्थित गर्न नसक्नु प्रमुख हो ।

देखिएका समस्या निरूपण गर्दै सिटिइभिटीले सरोकारवालाको सहभागितामा आगामी शैक्षिक सत्रका लागि तयार गरेको प्रशिक्षार्थी भर्नामा निर्देशिका शैक्षिक क्यालेन्डरको व्यवस्था गरी पूर्णरूपमा कार्यान्वयन गर्ने पहलकदमी लिनु पर्छ । जसका कारण विद्यार्थी र अभिभावकलाई तोकिएको समयमा अध्ययन पूरा हुने विश्वास मिल्ने छ । सरोकारवाला शिक्षण संस्था, कर्मचारी, प्रशिक्षक र व्यवस्थापनलाई तोकिएको समयमा आफूहरूले सम्पादन गर्नुपर्ने कामप्रति उत्तरदायी बनाउँछ । सिटिइभिटीले समयानुकूल परिवर्तनको अहिलेको गतिलाई अझै बढाएर लैजानुपर्ने देखिन्छ ।

# शासकीय अन्तर्वस्तु



• पुण्यप्रसाद भट्टराई

जेनजी आन्दोलनको यतिबेर सर्वपक्षीय समीक्षा भइरहेको छ । यसले राजनीतिक, शासकीय, आर्थिक तथा भावनात्मक पक्षमा ल्याएका सुनामीको छाल अझै कहाँसम्म पुग्छ र कति निर्माण वा क्षति गर्छ भन्ने विषय अझै अध्ययनको गर्तमा नै छ । शासकीय पात्र र विश्लेषकले आआफ्नै ढङ्गबाट विश्लेषण गरिरहेका छन् । कसैले यसको सहज समाधान देखाइरहेका छन् भने कसैले यसको परकम्प वा पुनरावृत्तिको ढ्याङ्गो पनि ठोकिरहेका छन् । यसबेला शासकीय पात्रहरूले निकै संयमित भएर यसको कारण उत्खनन गरी निदानका उत्तरआधुनिक उपायहरूको खोजी गर्न आवश्यक देखिन्छ ।

यो आन्दोलनको प्रकृति हेर्दा अत्यन्त शीघ्र सम्भव र योजनाबद्ध जस्तो प्रतीत हुन्छ । आन्दोलनको यो प्रकृतिले भविष्यमा यस्ता आन्दोलन हुन सक्ने सम्भावनालाई सहजीकरण गरिदिएको छ । पछिल्लो पुस्ताको आन्दोलन अघिल्लो पुस्ताहरूको जस्तो एनालग देखिएन । उनीहरूको सञ्चार प्रणाली तिख्खर र तत्काललाई कामयाब देखियो । यसका केही कारण हुन सक्छन् तिनीहरूको विश्लेषण गरौँ ।

डिजिटल डिएनए : यो पुस्ता सधैँ स्क्रिनसँग खेलिरहन्छ । स्क्रिन पनि उत्तिकै तार्किक छ । यो पुस्ताको सोच नै आलोचनात्मक र उत्पादनमूलक/नतिजामुखी छ । इन्टरनेटको विश्लेषण क्षमतासँग समानान्तरीय मार्गमा यिनको बुझाइ क्षमता बढ्दो देखिन्छ । समाजका परम्परागत ज्ञानभन्दा कृत्रिम बौद्धिकताबाट प्राप्त ज्ञानमा विश्वास गर्छ ।

समूहकार्यउन्मुख प्रवृत्ति : यो पुस्ता जित जितको सोचमा खेल खेलिरहन्छ । सहयोगी भावना र इन्फ्लुएन्सिङ (प्रभावी) क्षमता राख्ने यो पुस्ता अरूको पीडामा भन्दा खुसीमा रमाउन खोज्छ । झिना मसिना व्यावहारिक समस्याभन्दा माथि उठेर जान सक्ने सोच चिन्तन र व्यवस्थापकीय क्षमता राख्छ ।

प्रभावकारी सञ्चार क्षमता : विभिन्न विश्लेषणबाट पुस्ताबिचको मूल विशेषता विश्लेषण भएका छन् । यो पुस्ताको बुझाइसँगै दोहोरो सञ्चार क्षमता पनि राम्रो छ ।

अनौपचारिक र नतिजाउन्मुख : यो पुस्ता विकेन्द्रीकृत, पारदर्शी र अनौपचारिक छ । प्रक्रियामा भन्दा नतिजामा केन्द्रित रहने देखिन्छ । प्रक्रिया कम गर्ने कार्यले अनौपचारिकता प्रवर्धन गर्छ ।

अध्ययनका अनुसार अघिल्ला पुस्ता कठोर परिश्रमी र स्वजीवी देखिन्छन् भने पछिल्ला पुस्ता व्यवस्थापकीय क्षमता राख्ने, अरूको मन जितेर काम लगाउन सक्ने छन् । मूल्यगत पक्ष, ज्ञानगत पक्ष, प्रविधिगत पक्षमा पुस्ताबिच निकै फरक देखिन्छ । यस कारण यो पुस्ताको आन्दोलन शीघ्र नतिजामुखी भयो । आउँदो पुस्ता सधैँ अघिल्लो भन्दा अग्रगामी देखिने हुँदा शासकीय पात्र र प्रणालीलाई प्रभावकारी बनाउन नसकिए सधैँ जोखिम रहिरहन्छ ।

युवापुस्ताको यस्तो आन्दोलन नेपालमा मात्र पहिलो पटक भएको होइन, श्रीलङ्कामा २०२२, बङ्गलादेशमा २०१४ र माडागास्कारमा २०२५ मा भएका छन् । शासकीय पक्षबाट हेर्दा यस्ता आन्दोलन खराब शासनप्रतिको नवयुवाको आक्रोशको उपज हो । राज्यले प्रदान गर्ने सार्वजनिक वस्तु प्राप्तिको गुणस्तर र सहजतालाई विश्वसँग तुलना गर्ने क्षमता नै युवापुस्तालाई आक्रोशित बनाउने आधार हो ।

आन्दोलन वा युद्धको विश्लेषण गर्नुअघि यसका कारणको विश्लेषण गर्न जरुरी हुन्छ । युद्धको नकारात्मक प्रभाव त्यसको कारणको क्षितिजीय परिधिबाट मूल्याङ्कन गरिनु पर्छ । अब यो डिजिटल पुस्ताको आन्दोलनको खास कारण के थियो वा यो कसरी घटित भयो भन्ने पक्ष हेरौँ । निम्न कारण प्रमुख रूपमा विश्लेषण गर्न जरुरी छ ।

शासकीय कमजोरी : सुशासनको अभावमा जस्तोसुकै समस्या आउँछन् । सार्वजनिक सेवा प्राप्तिमा जनताले पोखेको असन्तुष्टिको परिमाण बढ्दै जानु, संस्था नैतिक र व्यावसायिक गतिविधिबाट स्खलित हुँदै जानु, जनताको गुनासो र न्यायिक सुनुवाइ प्रक्रिया खर्चिलो र पहुँचबाट टाढा हुँदै जानुले जनतामा आमअसन्तुष्टि बढाउँदै जान्छ ।

बढ्दो भ्रष्ट संस्कारका कारण संस्थाहरूको व्यावसायिकता पनि स्खलित भई आफ्नो उद्देश्यभन्दा टाढा हुँदै गएका छन् । 'डारोन एसेमोग्लु' र 'जेम्स ए रोबिन्सनले ह्वाइ नेसन्स फेल' पुस्तकमा भने जस्तो संस्थाहरू कमजोर हुँदै गएपछि राज्य असफल हुने अवस्थामा पुग्छ । त्यही आन्दोलनमा हेऱ्यौँ भने हामी देख्न सक्छौँ, सिंहदरबार र सर्वोच्च अदालतसहित सार्वजनिक सम्पत्ति जलिरहँदा राज्यका औपचारिक संस्थादेखि नागरिक समाजले समेत हेरेर बसिरहनु पऱ्यो । यसको अर्थ हाम्रा संस्था कति विकेन्द्रित, स्वायत्त र स्वक्रियाशील हुन सक्ने गरी बनाएछौँ भनेर मूल्याङ्कन गर्ने समय आएको हो ।

असल राजनीतिक संस्कारको अभाव : राजनीतिक असल संस्कारले समयसापेक्ष नीतिहरूको निर्माण तथा परिस्करण गरी कानुनको माध्यमबाट सुशासन हासिल गर्ने बाटो समात्छ । यसले राज्यको संस्थाहरूको स्वरूप र आकार निर्माण गरी ती नीति र कानुनको कार्यान्वयन गराउँछ । संस्थाहरूको नियामक कानुन र कार्यविधिको माध्यमबाट जनताको आकांक्षालाई सार्वजनिक वस्तुका रूपमा सार्वजनिक सेवा प्रवाह गराउँछ । यसमा संस्थाहरूको कार्यक्षेत्र, कर्मचारीतन्त्रको स्वरूपलाई योग्यताको आधारमा जिम्मेवार बनाउँछ ।

नेपाल जस्तो देशमा राजनीतिक नैतिकता र सदाचारिता तथा परोपकारी सोचको अभावका कारण हरेक क्षेत्रमा राजनीतिकरण भएको छ । सबै क्षेत्रमा राजनीतिक हस्तक्षेपले अपराधको राजनीतिकरण हुँदा राजनीति आफैँ अपराधीकरण हुन पुग्छ । राजनीतिक संस्थामा लोकतन्त्रीकरणको अभावलाई स्वसुधारको बाधकको रूपमा देखिएको विषय खोज अनुसन्धानमा प्रशस्तै छन् । राजनीतिले संस्थाहरूको पदाधिकारी नियुक्तिदेखि कर्मचारीतन्त्रको सरुवा बढुवामा समेत प्रभाव पार्दा नागरिकलाई हुने सेवा प्रवाहमा त्यसको प्रत्यक्ष नकारात्मक असर परेको हुन्छ । राजनीतिक संस्कारका कारण नै नातावाद, कृपावाद र चाकडी चाप्लुसी प्रथा निरन्तर रह्यो । यसमा क्षमता भएका र सत्यनिष्ठामा रहनेहरू विक्षिप्त भए । यी विषय नवयुवाले निष्पक्ष रूपमा अवलोकन गरिरहेका हुन्छन् ।

आर्थिक वस्तु र लाभांश छनोटको दायरा : शासकीय पात्रहरूले तुलनात्मक रूपमा विकास हुँदै गरेको दाबी गर्ने गरेका छन् । कसमेकम गाउँमा बाटो पुग्यो, खानेपानी पुग्यो तर दुर्गमका पाखा भित्ताका नागरिक त्यही बाटो भएर विदेश गए । नयाँ पुस्ताले देखेको विश्वव्यापी आर्थिक वस्तुहरूको प्रयोग र त्यसका लाभांश प्रयोग गर्न उनीहरूलाई सधैँ बजारले हस्तक्षेप गरिरहेको हुन्छ । मोबाइलमा रिल हेरेर बसेको पुस्ता रिलजत्तिकै शीघ्र आवश्यकता पूरा गर्ने आशक्तिमा छन् । राजनीतिज्ञले राजनीतिक दर्शनमा समाजवाद वा अन्य जे वाद भने पनि आजको डिजिटल समाजलाई बजारले डोऱ्याइरहेको छ । विकसित देशको गिगबजारमा ५० घण्टा वा करिब तीन दिन काम गर्दा उसले नयाँ आइफोन किन्न सक्छ भने, ऊ त्यो गाउँसम्म पुगेको बाटोलाई माया गरेर गाउँमा बसिरहन्छ त ?

बजारमा छनोटको दायरा फराकिलो छ । त्यहाँ मेरिटोक्रेसी वा क्षमताका आधारमा समावेशी हुन सकिन्छ भने क्षमता भएका मानिस घरका भित्ताको माया गरेर बस्दैन । नयाँ पुस्तालाई यही आदर्शले मार्गदर्शन गरिरहेको देखिन्छ । उनीहरू त्यो छनोटमा सहभागी हुन नपाउँदाको दोष सरकारलाई दिन्छन् । विकसित विश्वमा एडल्ट सिटीहरू बनेका छन् । रात्रिकालीन बजार छन् । यसले युवाको जीवनशैली र अर्थतन्त्रलाई विकासको मियोमा जोडिरहेको छ । 'डिजिटल लिटरेसी' ले विश्व बजारका वस्तुहरू प्रदर्शन गरिरहेका छन् तर यस्ता आधुनिक सहरमा गरिब देशका युवाको न त पहुँच छ न त राज्यको नीति । यसले युवा आक्रोशित छन् ।

डिफ्याक्टो डेमोक्रेसी अर्थात् सही लोकतन्त्र : नेपाल जस्ता देशमा नामका मात्र लोकतन्त्र आए । नागरिकले चुनावमा भोट हाल्न पाउनु र समानुपातिकका नाममा तरमारा वर्गले भाग लिइहरनु सही लोकतन्त्र होइन । बोल्न पाउनु मात्र लोकतन्त्रको उपलब्धि भनेर लामो समयदेखि भनिरहेको भाषा आफैँमा कर्कस आवाज सुनिइरहेको थियो । चुनाव जितेर गएका नेताहरूले युवाको प्रश्नमा '..तिमीले भनेर हुन्छ, मलाई जनताले चुनेर पठाएका हुन्' भन्ने उत्तर दिँदा युवा पुस्ताका मन निकै कुँडिएको हुनु पर्छ । निर्वाचनमा नो भोट, राइट टु रिजेक्ट र देशको नागरिकले विश्वको जुन कुनामा काम गर्दै रहे पनि भोट हाल्न पाउनुपर्ने प्रावधान नरहँदासम्म लोकतन्त्र गणितमा आधारित मात्र हुने रहेछ ।

समाज रूपान्तरणको रेखा : शोधहरूमा नेपाली समाजलाई कलेक्टिभ समाजका रूपमा विश्लेषण गरेको पाइन्छ । पूर्वीय समाज लामो समयसम्म कलेक्टिभ समाजका रूपमा रहे । जापानसमेत लामो समयसम्म विदेशीबाट एकान्तमा बस्न रुचाउँथ्यो । पछिल्लो समय नेपाली समाजमा विदेशीहरू आएर काम गरेका छन् । नेपालीसमेत विदेश गएका छन् । अब क्रमशः नेपाली समाज 'इन्डिभिज्युअलिस्टिक' समाजतर्फ रूपान्तरणको मार्गमा छ । यस दृष्टिकोणले समाजका प्रत्येक मानव समान रूपमा सक्षम भएको हेर्न चाहन्छ । अधिकांश गरिब भएको समाजमा केही मानिसको उच्च जीवनशैलीले समाजलाई समस्यामा पाऱ्यो । सामाजिक सञ्जालमा नेपोकिडको मुभमेन्ट यही उदाहरण हो ।उपर्युक्त विश्लेषणबाट शासकीय पात्रहरूले बुझ्नुपर्ने कुरा महासागर जत्तिकै गहिरो र घामजत्तिकै छर्लङ्ङ छ । सबै पक्ष मिलेर अब आउँदो निर्वाचन सफल पारी आउने सरकारबाट समयसापेक्ष शासकीय प्रणालीमा रूपान्तरण गर्ने गरी अघि बढ्न आवश्यक छ । यसका लागि जेनजी पुस्ता तथा समग्र पक्षले संयमित, विवेकशील र भविष्यदर्शी ढङ्गबाट व्यवहार प्रदर्शन गर्न आवश्यक देखिन्छ ।

